नेपाल सरकार

# गृह मन्त्रालय

(योजना, अनुगमन तथा मूल्याङ्कन शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८१/८२
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

नेपाल सरकार
गृह मन्त्रालय

## गृह प्रशासन जर्नलको लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना!

सूचना प्रकाशित मितिः २०८१/१०/२८

गृह मन्त्रालयबाट प्रकाशन गर्न लागिएको गृह प्रशासन जर्नल, अंक १ (एक) को लागि देहायमा उल्लेखित विषयक्षेत्र तथा ढाँचामा ३५०० देखि ४५०० शब्दसम्मको विचारमूलक/अनुसन्धानमूलक/तथ्यमूलक लेख रचनाहरू २०८१ साल फाल्गुन २८ गते भित्र यस मन्त्रालयको योजना, अनुगमन तथा मूल्याङ्कन शाखामा वा सोको विद्युतीय प्रति **mohayojana@gmail.com** मा उपलब्ध गराइदिनुहुन गृह जर्नल प्रकाशन विज्ञ रोष्टरमा सूचीकृत व्यक्तिहरू, एवम् जर्नलको विषयक्षेत्रमा ख्याति कमाएका इच्छुक तथा विद्वान सबैमा अनुरोध छ।

देहायः

१. विषय क्षेत्रहरूः

- राष्ट्रिय सुरक्षा नीति, सुरक्षा व्यवस्थापन,
- नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल,
- अध्यागमन, सीमा सुरक्षा र व्यवस्थापन
- नागरिकता, राष्ट्रिय परिचयपत्र
- कारागार प्रशासन तथा अन्य व्यवस्थापन
- लागुऔषध नियन्त्रण तथा रोकथाम
- मानव अधिकार र मौलिक हक
- सार्वजनिक सेवा प्रवाह
- विपद् व्यवस्थापन
- गृह प्रशासन सँग सम्बन्धित अन्य विषयक्षेत्रहरू

२. विचारमूलक लेख/रचनाको ढाँचा

- शीर्षक (Heading),
- लेखसार (Abstract) (१५० शब्दसम्म),
- शब्दकुञ्जी (Keywords) (५ शब्दसम्म),
- पृष्ठभूमि (Background),
- विश्लेषणात्मक प्रस्तुति (Analysis),
- निष्कर्ष (Conclusion),
- सुझाव (Recommendation),
- सन्दर्भ सामग्री (References) ।

३. अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचनाको ढाँचा

- शीर्षक (Heading),
- लेखसार (Abstract) (१५० शब्दसम्म),
- मुख्य शब्दावली (Keywords) (५ शब्दसम्म),
- पृष्ठभूमि (Background),
- अध्ययनको उद्देश्य (Objective of the Study),
- सम्बन्धित साहित्यको पुनरावलोकन (Literature Review),
- अध्ययन विधि (Methodology),
- तथ्याङ्क प्रस्तुती र विश्लेषण (Data Presentation and Analysis),
- प्राप्ति र विश्लेषण (Result and Discussion),
- निष्कर्ष (Conclusion),
- सुझाव (Recommendation),
- कृतज्ञता (Acknowledgment),
- सन्दर्भ सामग्री (References) ।

४. अन्य विषयहरू

- लेखकको सङ्क्षिप्त परिचय, इमेल, फोटो र मोबाइल नम्बर उपलब्ध गराउनु पर्नेछ।
- जर्नलमा प्रकाशनका लागि पठाइने लेख रचनामा सन्दर्भ सामग्रीका रूपमा उल्लेख गरिएका कृतिको तत्काल प्रचलित एपीए ढाँचा (APA 7th Edition) मा उपलब्ध गराउनु पर्नेछ।
- लेख/रचना नेपाली भाषामा भए फन्ट Unicode Kalimati, साइज १२ र भाषा अंग्रेजी भए फन्ट Times New Roman, साइज १२ को Word File मा संलग्न गरी पठाउनु पर्नेछ तथा पृष्ठको सबैतर्फ १ इन्च मार्जिन छोडेको हुनुपर्नेछ।
- नेपाली भाषाका लेख रचनाका लेखकले लेख शीर्षक (Heading) अङ्ग्रेजी भाषामा समेत अनुवाद गरी पठाउनुपर्नेछ।
- भाषिक तथा व्याकरणीय शुद्धता लेखक स्वयंले कायम गर्नुपर्नेछ ।
- अंग्रेजी भाषामा लेखिएका लेखहरुमा अमेरिकन वा ब्रिटिश (American or British) मध्ये कुनै एक शैली अपनाउनुपर्नेछ ।
- लेख/रचनामा प्रस्तुत गरिएका चित्र, टेवल, तालिका आदि सम्पादन (Edit) गर्न सकिने हुनुपर्नेछ।

२०८१/१०/२८